# बेनी नगरपालिकाको नवौं नगर सभामा पस्तुत

# नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०७८/७९

नगर उप प्रमुख ज्यू, नगर सभाका सदस्य ज्यूहरु,

सर्वप्रथम बेनी नगरपालिकाको नवौं नगर सभामा हार्दिक स्वागत गर्दछु। नेपालको संविधानको भाग-१९, धारा २३० वमोजिम राजश्व र व्ययको अनुमानको व्यवस्था भए अनुरुप आगामी आ.व. २०७८/७९ का लागि बेनी नगरपालिकाको बजेट तथा कार्यक्रम समेतलाई दिशानिर्देश सहितको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदाँ म ज्यादै हर्षित एवं गौरवान्वित भएको छु। यस अवसरमा राष्ट्रियता, संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्ती आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रिय स्वाधीनता, स्वाभिमान, लोकतन्त्र, संघीयता, जनजिविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलनमा क्रान्तिको नेतृत्व गर्नुहुने नेताहरु, घाइते, अपाङ्ग, वेपत्ता, नागरिक समाज, सञ्चार जगत र जनसमुदाय प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु।

आज सम्म यस नगरपालिकाको विकास तथा समृद्धीमा आ-आफ्नो स्थानबाट अहम् भूमिका निर्वाह गर्ने यहाँका जनप्रतिनिधिहरु, समाजसेवी वुद्धिजिविहरु, नगरपालिकाका कर्मचारीहरु, संवद्ध निकायहरु, विभिन्न संघ संस्थाहरु लगायत सम्पूर्ण नगरबासी महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। यस नगरपालिकामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम, नियन्त्रण, निदान तथा उपचारको कार्यमा योगदान पुर्याउनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, नागरिक समाज, संघ सस्था, जनप्रतिनिधि, राजनीतिक दल, निजी तथा व्यावसायिक क्षेत्र, सञ्चार जगत लगायत सबैलाई धन्यबाद व्यक्त गर्न चाहान्छु।

**विगतका आ.व.हरुको समिक्षा**

नेपालको संविधान, २०७२ वमोजिम सहकारिता, सहअस्तित्व र समन्वयकारी ढंगबाट संघीय राज्य प्रणाली सञ्चालन हुने व्यवस्था अनुरुप राज्यको पुनर्संरचना पछि संघीय र प्रदेश सरकार स्थापना भएको अवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आई सकेको अवस्थामा कार्यक्रमलाई अगाडि बढाउन सहज भएकाले पनि निर्वाचन पछीको चार वर्षमा नगरलाई आवश्यक पर्ने ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका कानूनहरु निर्माण, वडा कार्यालयहरु सम्बन्धित वडाहरुमा स्थापना, विभिन्न वडाहरुमा इन्टरनेटको जडान, नगरका विभिन्न वडाहरुमा बाटो तथा सडकहरुको ट्र्याक निर्माण तथा सडक सुधार, पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार विकास, कृषि तथा पशु तर्फ किसानलाई अनुदान वितरण, लक्षित समुदायका महिलाहरुका लागि विभिन्न सीपमुलक कार्यक्रम सञ्चालन, जनप्रतिनिधि एवं कर्मचारीहरुको अध्ययन अवलोकन तथा क्षमता अभिवृद्धि तालिम, नगर क्षेत्रमा रहेका महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरुको खोजि तथा संरक्षण, नगरको समग्र शैक्षिक अवस्थाका बारेमा सरोकारवालाहरुसँग आवश्यक छलफल, आधारभूत तहको नगरस्तरीय परीक्षा सञ्चालन, कार्यालयको आन्तरिक भौतिक तथा प्रशासनिक क्षेत्रमा सुधार लगायतका कार्यहरु सम्पन्न गरेका छौ। विकास प्रक्रियामा दिगोपना, स्वामित्व र जनसहभागिता अभिवृद्धि गर्न विकेन्द्रित विकास प्रारुप वमोजिम वडा स्तरीय विकास योजना वडा कार्यालय मार्फत सञ्चालन गर्न वडाहरुलाई

जनसंख्या, क्षेत्रफल, कर परिचालन र विकासको अवस्थाको आधारमा निश्चित रकम उपलब्ध गराइएको छ। खुल्ला मञ्च खेल मैदान निर्माण कार्य सञ्चालनमा रहेको छ। रावण पार्क निर्माण कार्य शुरु भईसकेको छ।

यसरी चार वर्षमा राष्ट्रियता, मानव अधिकार, लोकतन्त्र, विधिको शासन, सामाजिक न्याय र समृद्धिलाई ध्यान दिदै नगरपालिकाको समग्र संस्थागत क्षमता अभिवृद्धीका साथै विकास निर्माण तथा सेवा प्रवाहका कार्यहरु पनि सँगसँगै अगाडि बढाएका छौ।

**आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम**

नगर सभाका सदस्य ज्यूहरु,

बेनी नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम राज्यको लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवाद तर्फको यात्रा, नेपाल सरकारले लिएको "समृद्ध नेपाल सुखी नेपाली" बनाउने दिर्घकालीन सोच समेतका आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका/पारिएका समुदायहरुलाई समेत उच्च प्राथमिकतामा राख्दै र आम नगरबासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न विषयगत कानूनहरु, यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम, संघीय सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरु र विभिन्न विषयगत विज्ञहरुबाट प्राप्त सुझावहरु समेतलाई आत्मसात गरी यस नीति तथा कार्यक्रम तर्जूमा गरिएको छ ।

**नीतिहरु:**

१. बेनी नगरपालिकामा कोरोना भाइरसको संक्रमण रोकथाम, न्यूनिकरण, निदान तथा उपचारको कार्य भईरहेकोमा यसलाई थप व्यवस्थित गर्न संघीय तथा प्रदेश सरकारसँग हातेमालो गर्दैअगाडि बढिनेछ।
२. संघीय सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' भन्ने दिर्घकालिन सोचसँग तादाम्यता रहने गरी आर्थिक समृद्धीको क्षेत्रलाई प्राथमिकता दिइनेछ।
३. नगरको नीति कार्यक्रमलाई परिलक्षित आर्थिक वृद्धी लगायतका राष्ट्रिय तथा प्रादेशिक लक्ष्यहरुसँग तादाम्यता मिलाइनेछ।
४. नगरपालिकाको केन्द्र देखी वडा कार्यालय सम्मको सडकलाई All Weather Road का रुपमा विकास गर्न प्राथमिकता दिइनेछ।
५. समृद्ध बेनी नगर निर्माणका लागि नगरका गौरबका आयोजनाहरुलाई प्राथमिकतामा राखीबजेटको व्यवस्था गरिनेछ।
६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुसारको कार्य जिम्मेवारी पुरा गर्ने गरी संस्थागत सक्षमता तथा सुशासन अभिवृद्धी गर्ने कार्यलाई विशेष ध्यान पुर्याइनेछ।
७. नगरको कृषि क्षेत्रको आधुनिकीकरण र विविधिकरण गर्दै व्यावसायीकरणगर्न प्राथमिकता दिइनेछ।
८. नगरमा रहेका पर्यटकीय क्षेत्रहरुको पूर्वाधार विकास तथा प्रवर्द्धन र सञ्जालीकरण मार्फत् पर्यटकीय गन्तव्यहरुको पहिचान गर्दै पर्यटन व्यवसायको रुपमा विकास गरिनेछ।

**नगर सभाका सदस्य ज्यूहरु,**

यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८।०७९ का कार्यक्रमहरु निम्नानुसार पेश गरेको छु।

**क) आर्थिक क्षेत्र**

१) नगरपालिका क्षेत्र भित्र रहेका आन्तरिक आयका स्रोतहरुको पहिचान र उचित व्यवस्थापन गरी आन्तरिक स्रोत बढाउँदै लगिनेछ।

२) करको दायरा विस्तार तथा राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ।

३) जुन क्षेत्रबाट कर उठेको छ उक्त क्षेत्रमा असुल भएको करको **२० प्रतिशत** सम्म रकम सोही क्षेत्रको पूर्वाधार निर्माणमा खर्च गर्ने गरी प्राथमिकता दिइनेछ।

४) कर चुक्ता प्रमाण पेश नगरे सम्म नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सुविधाहरु रोक्का गरिनेछ। कर तिर्ने दायित्व भएका व्यक्तिले वार्षिक कर एकमुष्ठ रुपमा प्रथम तीन महिना भित्र (असोज मसान्त सम्म) कर बुझाएमा १०% सम्म छुट दिइने व्यवस्थालाई निरन्तरता दिइनेछ।

५) हालसम्म रहेको करको बक्यौतालाई असुल गर्न विशेष प्राथमिकता दिइनेछ। समयमा कर भुक्तानी गर्ने अभ्यासलाई व्यवस्थित गर्न "Service Delivery Only After Remaining Tax Clearance" नीतिलाई अबलम्बन गरिनेछ।

६) कोभिड-१९ का कारण नियमित सञ्चालनमा आउन नसकेका तथा यस नगरपालिकामा दर्ता/नविकरण भई समयमा कर तिर्ने उद्योग, व्यापार तथा व्यवसायहरुलाई कर छुट तथा सहुलियतको व्यवस्था गरिनेछ।

७) हाल सम्म रहेको पेश्की तथा वेरुजु फछ्यौट प्रक्रियालाई तिव्रता दिइनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्यलाई एकिकृत रुपमा आवद्ध गरिनेछ।

८) व्यावसायिक रुपमा कृषि तथा पशु जन्य उत्पादन गर्ने कृषकलाई प्रोत्साहित गरिनेछ। साथै कृषि तथा पशु विमा गर्ने किसानहरुलाई विमा प्रिमियम खर्चमा २५% सम्म अनुदान दिने व्यवस्था गरिनेछ।

९) एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसका निम्ति प्रत्येक वडामा कृषिको विशिष्टिकरण गरी पकेट क्षेत्र निर्माण गरिनेछ।

१०) सहकारी संस्थाहरुको दर्ता, नियमन तथा प्रवर्द्धन गरिने कार्यलाई थप प्रभावकारी बनाइनेछ। सहकारीको मूल्यमान्यता तथा सिद्धान्तलाई अनुसरण गर्न गराउन विशेष पहल गरिनेछ।

११) बेनी नगरपालिकालाई दुध, अण्डा र मासुमा आत्मनिर्भर बन्ने खालका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

१२) तरकारी तथा फलफुल बजार, बधशाला, माछा-मासुका बजारलाई आधुनिकीकरण गरी व्यवस्थित गर्ने कार्यलाई अगाडि बढाइनेछ। यस्ता व्यवसायहरुको वस्तुगत विवरण तयार गरी न्यूनतम मापदण्ड तोक्ने र अनुगमन गर्ने कार्य गरिनेछ।

१३) प्रधानमन्त्री रोजगारी कार्यक्रम मार्फत परम्परागत विशेषतायुक्त चौतारी, पोखरी र पदमार्गहरुको निर्माण र सुधारमा जोड दिइनेछ।

१४) नगर क्षेत्र भित्रका सरकारी, सार्वजानिक तथा पर्ति जग्गाको पहिचान गर्ने, अतिक्रमण रोकी संरक्षण गर्ने कार्य अभियानका रुपमा अगाडि बढाइनेछ।

१५) स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सिपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गरिनेछ।

१६) नगर क्षेत्रमा रहेका धार्मिक क्षेत्र (गलेश्वरधाम, पुलाश्रम, जगन्नाथ मन्दिर, कपिलाश्रम, स्वर्गाश्रम, ज्यामरुककोट, बेनीकोट भण्डार, गुफाराम मन्दिर, शिवालय मन्दिर जस्ता धार्मिक र साँस्कृतिक सम्पदाहरु) को पूर्वाधार विकास गरी उक्त क्षेत्रलाई धार्मिक पर्यटकीय सर्किटको रुपमा विकास गर्न प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरिनेछ।

१७) बेनी नगरपालिका, वडा नं. ४ स्थित तातोपानीका कुण्डलाई व्यवस्थित गरी फिजियोथेरापि र न्यूरोप्याथि सहितको प्राकृतिक चिकित्सालयको रुपमा विकास गर्नुका साथै यस क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्दै लगिनेछ।

१८) बेनी नगरपालिका-५, पुलाचौरमा रावण पार्क निर्माण कार्यलाई अगाडि बढाइनेछ। बेनी नगरपालिका, वडा नं. २ स्थित लभ्लीहिलमा फन पार्क निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

ख) सामाजिक क्षेत्र

१) जीवनोपयोगी, आधुनिक, व्यावसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिई विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार गरिनेछ।

२) कोभिडका कारण भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न असम्भव भएका स्थानका विद्यालयहरुमा अनलाइन प्रविधिबाट कक्षा सञ्चालनको व्यवस्था गर्नुका साथै मूल्याङ्कनको बैकल्पिक प्रणालीको व्यवस्थापन गरिनेछ।

३) विचैमा विद्यालय छोडने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुका साथै बालमैत्री शिक्षण बिधि अबलम्बन गरिनेछ।

४) सामुदायिक विद्यालयको भौतिक सुधारका लागि विद्यालय व्यवस्थापन समितिसँग आवश्यक समन्वय गरी क्रमश: अगाडि बढाइनेछ।

५) विपन्न, गरिब, जेहेन्दार र अपाङ्गता भएका बालबालबालिकाहरुलाई दिइने छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६) नगरपालिका क्षेत्रमा पूर्व स्वीकृत बिना सञ्चालन गरिएका निजी छात्रवासहरुलाई नियमन गरी करको दायरामा ल्याइनेछ।

७) नगर क्षेत्र भित्रका विद्यालयहरुको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८) एक वडा, एक खेल मैदान निर्माण कार्य अगाडि बढाइनेछ। बेनी नगरपालिका, वडा नं. ७ स्थित खुला मञ्चमा प्याराफिट निर्माण सम्पन्न गरी मिनि रङ्गशालाको रुपमा विकास गरिनेछ।

९) ज्येष्ठ नागरिकलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ता घर-घरमै उपलब्ध गराइने अभ्यासलाई कार्यान्वयनमा ल्याइनेछ। यसका लागि सबै वडाहरुमा व्यक्तीगत घटना दर्ता तथा सामाजिक सुरक्षा शिविर सञ्चालन गरिनेछ।

१०) सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई बैंक मार्फत् सञ्चालन गरिनेछ। सामाजिक सुरक्षा भत्ता सबैभन्दा प्रभावकारी रुपमा वितरण गर्ने बैंक तथा सामाजिक सुरक्षा भत्ता लिन नचाहने नागरिकलाई सम्मान गरिनेछ।

११) विपन्न, असहाय तथा असक्तहरुको सहायता, संरक्षण तथा उद्धार गर्न आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था मिलाइनेछ।

१२) वडामा छरिएर रहेका आमा समूहलाई एकीकृत गरी महिला सञ्जाल गठनलाई निरन्तरता दिइनेछ।

१३) हिंसा प्रभावित बालबालिका र महिलाहरुलाई अल्पकालिन सेवा केन्द्र मार्फत् उद्धार, पुनर्स्थापना तथा कानूनी सहायता गर्ने कार्यलाई व्यवस्थित गरिनेछ।

१४) भूमीहीन दलित, भूमीहिन सुकुम्बासी पहिचान गरी भूमी सम्बन्धी समस्या समाधान गर्न भूमी सम्बन्धी समस्या समाधान आयोगसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

१५) आमा समूह तथा बाल क्लबहरुको गठन गर्नुका साथै गठित आमा समूह तथा बाल क्लबहरुको सक्षमता विकास गर्नमा विशेष ध्यान दिइनेछ।

१६) सुनौला हजार दिनका आमा तथा बच्चाहरुको पोषण स्थितिमा सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७) बाल श्रम मुक्त स्थानीय तह तथा बाल मैत्री स्थानीय तह निर्माणका निम्ति आवश्यक कार्यक्रमहरुको व्यवस्था गरिनेछ।

१८) यसलाई कार्यान्वयनमा लैजान एक घर, एक धारा खानेपानी योजनालाई निरन्तरता दिइनेछ।

ग) वातावरण र विपद व्यवस्थापन

१) फोहोरमैलाको अल्पकालिन र दिर्घकालिन व्यवस्थापनका लागि 3R (फोहोर घटाउने, पुनर्निर्माण, पुनर्उत्पादन) का सिद्धान्तलाई व्यवहार मै कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ।

२) दैवि प्रकोप तथा महामारीको रोकथाम तथा न्यूनिकरण गर्न संरचनागत तथा संस्थागत सक्षमता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

३) राजनीतिक दल सहितको सहयोगमा संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी बेनी बजार लगायत नदी छेउछाउमा अवस्थित जोखिमयुक्त बस्तीहरुको संरक्षणको लागि आवश्यक संरक्षणका कार्यहरु गरिनेछ।

४) यस नगरपालिकामा सञ्चालन भईरहेका तथा हुने सुरक्षित नागरिक आवास कार्यक्रम र मनसुन प्रभावितका लागि निजी आवास पुनर्निर्माण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

**घ) पूर्वाधार विकास**

१) नगरपालिकाको केन्द्रबाट सबै वडा जोड्ने सडकहरु १२ महिना निर्बाध रुपमा मोटर चल्ने गरी स्तरोन्नति गरिनेछ। नयाँ सडक निर्माण भन्दा भईरहेको सडकको स्तरोन्नती गर्नमा प्राथमिकता दिईनेछ। ड्रेन सहितको सडक निर्माण कार्यमा विशेष जोड दिइनेछ।

२) नगर भित्र रहेका रणनीतिक सडकहरु क्रमश: कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। पक्की सडक निर्माण गर्नका लागि डि.पि.आर. तयार नभएका सडकको डि.पि.आर. तयार गरिनेछ।

३) नगर क्षेत्र भित्र रहेको अव्यवस्थित बसोबास व्यवस्थापनका लागि आवश्यक कदम चालिनेछ।

४) नगर क्षेत्रको सबै नगरबासीको पँहुच बढाउन आवश्यकता र औचित्यको आधारमा नयाँ सडकको निर्माण भन्दा भएको सडकको स्तरोन्नतिलाई प्राथमिकतामा राखिनेछ।

ङ) सुशासन तथा सेवा प्रवाह

१) नगरपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भ्रष्ट्राचार मुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ।

२) नगरपालिकाबाट उपलब्ध गराइने सेवालाई सेवाग्राही मैत्री बनाउदै लैजानका लागि नागरिक सहायता कक्ष र कर्मचारीको व्यवस्था गरिनेछ।

३) स्तनपान तथा बाल शयन कक्ष निर्माण तथा सञ्चालनलाई प्राथमिकता दिइनेछ।

४) नगरपालिकाको व्यवस्थापन सूचना प्रणाली (MIS) लाई व्यवस्थित गरिनेछ।

५) सार्वजानिक सुनुवाई, सामाजिक परीक्षण तथा तेस्रो पक्ष मूल्याङ्कन पद्धतिलाई कार्यान्वयन गरिनेछ।

६) नगरपालिका र वडा कार्यालय बीच हुने सञ्चारलाई विद्युतिय माध्यमबाट गर्ने कार्यको सुरुवात गरिनेछ।

७) सेवाग्राहीहरुको सुविधालाई मध्यनजर गरी डिजिटल नागरिक वडापत्र, हेल्प डेस्क आदिको व्यवस्था गरिनेछ।

८) बेनी नगर कार्यपालिकाको कार्यालयमा न्यायिक इजलास कक्षको व्यवस्था गरिनेछ। साथै सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र स्थापना तथा सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडा स्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्ने प्रक्रिया थालनी गरिनेछ।

९) नगरपालिकाबाट प्रबाह गरिने सार्वजानिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्य सम्पादन सम्झौता गरी नतिजामा आधारित कार्य सम्पादन प्रणाली अबलम्बन गरिनेछ।

१०) नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न तालिम तथा प्रशिक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाई सञ्चालन गरिनेछ। बेनी नगर कार्यपालिकाको कार्यालय, यस कार्यालय अन्तर्गतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई पर्यटन काजको व्यवस्था मिलाइनेछ।

च) अनुगमन तथा मूल्याङ्कन

१) नगरपालिकामा सञ्चालन गरिने योजना तथा कार्यक्रमलाई गुणस्तरीय, छिटो छरितो रुपमा सम्पन्न गर्न प्रत्येक आ.व. को पुष मसान्त सम्म सम्झौता गर्ने बैशाख मसान्त सम्म सम्पन्न गरी सोको भुक्तानी जेठ महिना भित्र फरफारक गर्ने गरी व्यवस्था गरिनेछ।

२) नगरपालिबाट सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरुको नियमित तथा आकस्मिक अनुगमन एवं सुपरिवेक्षण गरी प्रभावकारी बनाइनेछ।

२०७८ असार १०

हरिकुमार श्रेष्ठ
नगर प्रमुख